फोन नं: ०८९-४३००७६
Email: dgao.jajarkot@ag.gov.np, Web: www.ag.gov.np

# जिल्ला सरकारी वकील कार्यालय
## जाजरकोट
### (मुद्दा शाखा)

जिल्ला सरकारी वकील कार्यालय जाजरकोट

पत्र संख्या:२०८२।०८३
चलानी नं. ३५६

मितिः २०८२।१०।०४

विषयः अनुसन्धानमा रहेका मुद्दाहरुको निरीक्षण र अनुगमन प्रतिवेदन ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
मुद्दा व्यवस्थापन महाशाखा,
रामशाहपथ, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय, प्रशासन शाखाको चलानी नम्बर १९७४, मिति २०७८।३।२९ गतेको निर्देशन पत्रको निर्देशन नम्बर १९ को अनुसन्धान गर्ने निकायको निरीक्षण गरी हदम्याद भित्र अनुसन्धान र अभियोजन गर्ने व्यवस्था मिलाउने भनी उल्लेख भए बमोजिम जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्सालले मिति २०८२।१०।३ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटबाट अनुसन्धानमा रहेका मुद्दाका मिसिलहरु र अनुसन्धान सम्बन्धी काम कारबाहीको निरीक्षण र अनुगमन गरी तयार गरिएको निरीक्षण अनुगमन प्रतिवेदन पाना ३ र निरीक्षण गरिएका मुद्दाको विवरणहरु यसै पत्र साथ संलग्न गरिएको छ ।.

२०८२।१०।४

(नगेन्द्र लम्साल)
जिल्ला न्यायाधिवक्ता

वोधार्थ:
श्री उच्च सरकारी वकील कार्यालय, सुर्खेत ।
श्री जिल्ला प्रहरी कार्यालय, जाजरकोट ।

जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्सालबाट जिल्ला प्रहरी कार्यालय जाजरकोटमा अनुसन्धानमा रहेका मुद्दाको मिसिलहरु लगायत अनुसन्धान सम्बन्धी काम कारबाही सम्बन्धमा मिति २०८२।१०।३ गते शनिबार महान्यायाधिवक्ताको कार्यालय, प्रशासन शाखाको चलानी नम्बर १९७४, मिति २०७८।३।२९ गतेको निर्देशन पत्रको निर्देशन नम्बर १९ को अनुसन्धान गर्ने निकायको निरीक्षण गरी हदम्याद भित्र अनुसन्धान र अभियोजन गर्ने व्यवस्था मिलाउने भनी उल्लेख भए बमोजिम निरीक्षण र अनुगमन गर्ने कार्य सम्पन्न गरी देहाय बमोजिम गर्नुपर्ने देखियो ।

१ अनुसन्धानमा तीन वटा मुद्दाहरु रहेकोमा विरेन्द्र वि.क. को जाहेरीले नेपाल सरकार वादी र प्रतिवादी भद्रबहादुर सुनार भएको ज्यान सम्बन्धी कसूर मुद्दामा मिति २०७९।८।१० गते वारदात घटाए पछि फरार रहेका प्रतिवादी भद्रबहादुर सुनारलाई वारदात भएको तीन वर्ष पछि मिति २०८२।९।२० गते प्रहरीले पक्राउ गरी अनुसन्धान अन्तिम चरणमा पुगेको अवस्था छ। अनुसन्धानबाट प्रतिवादी/कानूनको विवादमा परेका बालबालिका किटान भएका प्रतिवादी/कानूनको विवादमा परेका बालबालिका फरार रहेका मुद्दाहरुको हदम्यादलाई मात्र नहेरी सबुत प्रमाण संकलन गरेर अनुसन्धान टुङ्गाई अभियोजन निर्णयका लागि जिल्ला सरकारी वकील कार्यालय जाजरकोटमा यसै आर्थिक वर्षमा पेश गर्ने ।

२ ७ जना प्रतिवादीहरु पक्राउ परी तीन वटा मुद्दामा अनुसन्धान कार्य जारी रहेको पाइयो। प्रतिवादी खुलेका हाजिर जमानीमा छोडिएका २ वटा सहित प्रतिवादीहरु फरार रहेका २३ वटा गरी २५ वटा मुद्दाहरु अनुसन्धानमा रहेको पाईयो । प्रत्येक मुद्दाको मिसिल बारे जानकारी लिई मिसिल अध्ययन गरी कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक सहित अनुसन्धानमा खटिने प्रहरी निरीक्षक र सहायक कर्मचारीहरुसँग समेत प्रत्येक मुद्दाको मिसिलको अनुसन्धान गर्नुपर्ने विषयहरुका सन्दर्भमा समेत छलफल गरिएको थियो । यी मुद्दाहरुको अनुसन्धान गर्दा कुनै द्विविधा भए अनुसन्धान अधिकारीले सरकारी वकीलसँग छलफल गरी अनुसन्धान कार्यलाई टुङ्गोमा पुर्याउने।

३ अनुसन्धानमा रहेका कर्तब्य ज्यानको जाहेरी परेका प्रतिवादी नखुलेका ६ वटा मुद्दाको मिसिल सहित कर्तब्यको उजुरी नपरेका १०१ वटा मिसिलहरुको अध्ययन गरियो । प्रतिवादी किटान नभएका तथा कर्तब्य ज्यानमा जाहेरी परेका मुद्दाहरुको समेत सुक्षम रुपमा अनुसन्धान गरी अनुसन्धान कार्य टुङ्गाई निर्णयका लागि पेश गर्ने । कर्तब्यको उजुरी नपरेका मुद्दाहरुको २ वर्षे हदम्याद पुग्ने अन्तिम अवस्थामा निर्णयका लागि मिसिल प्राप्त हुने अवस्था देखिएकोमा कर्तब्यबाट मृत्यु भएको अवस्था अनुसन्धानबाट नदेखिएकोमा वारदात भएको ६ महिना पछि निर्णयका लागि पेश गर्ने ।

४ प्रतिवादी किटान भएका तथा प्रमाणहरुबाट प्रतिवादीले कसूर गरेको पुष्टि भइरहेका ज्यान सम्बन्धी कसूर मुद्दामा वर्षौं सम्म अनुसन्धानमा मुद्दा रहँदा पीडित पक्षले न्याय प्राप्त गर्नमा ढिलाई हुने तथा वर्षौं पछि मुद्दा अदालतयमा दायर हुंदा प्रत्यक्षदर्शी र बुझिएका



नगेन्द्र लम्साल
जिल्ला न्यायाधिवक्ता

मानिसहरुसँग सम्पर्क नहुने तथा क्यौं साक्षीहरुको मृत्यु समेत भइसकेको अवस्था हुँदा मुद्दाको कारबाही प्रकृयामा समेत ढिलाई हुने तथा पीडित पक्षले न्याय प्राप्त गर्नमा समेत अवरोध हुने भएकाले प्रतिवादी फरार रहेका यस्ता मुद्दाहरु छिटो भन्दा छिटो टुङ्गाई निर्णयका लागि यसै आर्थिक वर्ष भित्र पेश गर्ने ।

५ अनुसन्धानमा रहेका दुई वटा ज्यान मार्ने उद्योग मुद्दामा प्रतिवादीहरुलाई हाजिर जमानीमा छोडिएको पाइयो । हाजिर जमानीमा छोडिएका मुद्दाहरुमा हदम्याद सकिनु भन्दा करिब तीन महिना अगाडि नै अनुसन्धान कार्य पुरा गरी अभियोजन निर्णयका लागि पेश गर्ने।

६ केही मुद्दाहरुमा सजाय छुटको राय सहित अनुसन्धान प्रतिवेदन प्राप्त भएकोमा सजाय छुटको मागदावी सहित अभियोजन गर्दा सोही दिन फैसला हुँदा मुद्दा सफल हुनुका साथै न्यायिक प्रकृयामा लाग्ने समय र स्रोत साधनको समेत बचत भएको देखिएकोले सजाय छुटको कानूनी व्यवस्थाका सम्बन्धमा अनुसन्धान अधिकारीले बयान/सोधपुछ गर्नु अघि प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकालाई जानकारी दिई सजाय छुट सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखियो ।

७ घटनाविवरण कागज गर्दा प्रत्यक्षदर्शी र महत्वपूर्ण साक्षीहरुसँग वारदातको सम्बन्धमा निजहरुले कसूरका सम्बन्धमा थाहा पाएको विषयका सम्बन्धमा निजहरुले भने अनुसार संक्षिप्त विवरणको ब्यहोरा तयार गरी कागज गराउने। कसूरसँग सम्बन्धित नभएका विषयमा कागजमा उल्लेख नगर्ने। घटनाविवरण कागज गर्दा उमेर र परिचय खुल्ने कागजात अनिवार्य रुपमा कागजसँगै संलग्न गर्ने । फरक शारीरिक क्षमता, नेपाली भाषा नबुझ्ने र बालबालिकाको वारदातको सम्बन्धमा कागज गराउँदा दोभाषे र रोहवरमा राख्नुपर्ने ब्यक्तिहरुलाई अनिवार्य रुपमा रोहवरमा राख्ने । आफै लेखपढ गर्न सक्ने पीडित, मुद्दाका प्रत्यक्षदर्शी र महत्वपूर्ण साक्षीहरुलाई थाहा पाएको विवरण लेखाउन लगाई घटनाविवरण कागज गराउने । जाहेरवालासँग मुद्दाको विषयमा अनुसन्धान गर्दै जाँदा थप बुझ्नुपर्ने देखिएमा कागज गराउने। जाहेरवालाको परिचय, ठेगाना र उमेर खुल्ने कागजात अनिवार्य रुपमा मिसिल संलग्न गर्ने ।

८ पक्राउ परेका र फरार भएका प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाको उमेर, आमा र बुवा, पति र पत्नीको नाम सहित परिचय खुल्ने कागजातहरुमा नागरिकता, राहदानी, राष्ट्रिय परिचय पत्र, सवारी चालक इजाजत पत्र, जन्मदर्ता, स्थायी र अस्थायी ठेगाना, हुलिया र फोटो सहितको विवरण अनिवार्य रुपमा मिसिल संलग्न गर्ने । प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाको नागरिकताको विवरण खुल्ने कागजात नभेटिएमा अन्य परिचय खुल्ने कागजात सहित बाबु र आमाको नागरिकताको विवरण सहित परिचय खुल्ने कागजात मिसिलमा संलग्न गर्ने ।

९ क्षतिपूर्ति प्रदान गर्नुपर्ने मुद्दाहरुमा प्रतिवादी/कानूनको विवादमा परेका बालबालिका र निजका एकाघरका परिवारका सदस्यहरुको सम्पत्ति विवरण खुलाई मिसिल संलग्न गर्ने ।

२०८२।१०।२

नगेन्द्र लम्साल

जिल्ला न्यायाधिवक्ता

१० मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४ बमोजिम साक्षी वा पीडितको संरक्षण गर्ने कार्यमा ध्यान दिने ।

११ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३ बमोजिम खास कसूरबाट पीडित व्यक्ति वा साक्षीको परिचय गोप्य राख्न सकिने कानूनी व्यवस्था बमोजिम कार्य गर्ने।

१२ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८४ को अनुसन्धान अधिकारी समक्ष भएको बयान, कागज वा लिखतलाई श्रव्य दृश्यका साधनमा अभिलेख गर्न सकिने कानूनी व्यवस्था बमोजिम अनुसन्धानलाई प्रभावकारी बनाउने कार्य गर्ने ।

१३ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५ मा भएको पीडितले कसूरको कारणले आफूलाई प्रत्यक्ष रूपमा परेको क्षति वा प्रभावको सम्बन्धमा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने र पीडित नाबालिग वा कानूनी रूपमा संरक्षकत्व चाहिने व्यक्ति भएको वा अन्य कुनै कारणले आफैले पीडित प्रभाव प्रतिवेदन पेश गर्न नसक्ने भएमा निजका अभिभावक, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिले अभियोग पत्र दायर गर्नु भन्दा अगाडि वा काबु बाहिरको परिस्थिति भएमा अभियोगपत्र दायर भएको मितिले एक महिनाभित्र अभियोग पत्र दायर गर्ने अधिकारी समक्ष प्रतिवेदन दिन सकिने कानूनी व्यवस्था छ।सो कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वय गर्ने ।

१४ कानूनको विवादमा परेका बालबालिका भएको मुद्दाको अनुसन्धान गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा भएका व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

१५ कल डिटेल र कल डिटेल लोकेशन संकलन गरिएका मुद्दाहरुमा कल डिटेल र कल डिटेल लोकेशनको विस्तृत प्रतिवेदन र चार्ट समेत मिसिल संलग्न गर्ने ।

जिल्ला प्रहरी कार्यालय जाजरकोटबाट मुद्दाको अनुसन्धान सम्बन्धी भइरहेका काम कारबाहीको बारेमा जानकारी गराई अनुसन्धानमा रहेका मुद्दाका मिसिल फाईलहरुको निरीक्षणमा सहयोग गर्नुभएकोमा कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक श्री बसन्तकुमार शर्मा सहित अपराध अनुसन्धान शाखामा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

२०८२।१०।२

**निरीक्षण र अनुगमन गर्ने:**

जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल

सहयोगी कर्मचारी:

जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका नायव सुब्बा श्री गणेशबहादुर घर्ति

जिल्ला सरकारी वकील कार्यालय जाजरकोट